आज मिति २०६६ साल असार २३ गते बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारको छलफल एवं निर्णय गरियो।

उपस्थिति;

१. नगर प्रमुख श्री गुमानसिंह अर्याल
२. नगर उप-प्रमुख श्री लक्ष्मीदेवी अधिकारी
३. वडाध्यक्ष-१ श्री बलराम श्रेष्ठ
४. " २ श्री गणेश बहादुर कुंडेल खत्री
५. " ३ श्री सुर्य कुमार श्रेष्ठ
६. " ४ श्री लालविर गुरुङ
७. " ५ श्री बम बहादुर गुरुङ
८. " ६ श्री भोज बहादुर रिमाल
९. " ७ श्री गोविन्द बस्नेत
१०. " ८ श्री पवित्रा थापा राना
११. " ९ श्री शरद बराल
१२. " १० श्री पुर्ण बहादुर थापा
१३. " ११ श्री अच्युत बाब बगाले
१४. कार्यपालिका सदस्य श्री विष्णुमाया राना
१५. " " श्री मन्दिरा दनाई
१६. " " श्री देव बहादुर गहतराज
१७. " " श्री अजय मजगोटी
१८. " " श्री मनमाया गुरुङ
१९. " " श्री दोज बहादुर खवास
२०. " " श्री कृष्ण नेपाली
२१. " " श्री आशा तामाङ
२२. सदस्य-सचिव श्री मोहनप्रसाद मरासिनी
२३. का० अ० श्री महेन्द्र पोखरेल
२४. ना०सु० श्री लक्ष्मण शर्मा
२५. परामर्शदाता श्री दुधप्रसाद घले

## कार्यपालिकाको मिति २०७६।३।२९ को ३८ औं बैठकका निर्णयहरु

**निर्णय नं १ : योजना तथा कार्यक्रममा रकम विनियोजन सम्बन्धमा**

(क) जिल्ला युवा समितिको कार्यालय लमजुङको आयोजनामा मिति २०७५ चैत १७ देखि चैत २० गतेसम्म बेसीशहरमा सञ्चालन भएको नमुना युवा संसदको स्थापना र अभ्यास कार्यक्रम सञ्चालन गर्दा भएको कुल खर्च मध्ये सशर्त तथा अन्य संस्थाबाट व्यहोर्दा समेत अपुग भएको रकम रु.१,५०,०००।- (एक लाख पचास हजार मात्र) नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

(ख) चालु आव २०७५।०७६ को वडास्तरीय योजना तथा कार्यक्रम अन्तर्गत वडा नं ११ मा सञ्चालन गरिएको ३ महिने सिलाई कटाई सम्बन्धी तालिममा रु. २०००००।- (दुई लाख) विनियोजन भएको तर कुल खर्च रु ३,१६,३३०।- (तीन लाख सोह्र हजार तीन सय तीस मात्र) भएको हुँदा अपुग रकम रु.१,१६,३३०।- (एक लाख सोह्र हजार तीन सय तीस मात्र) नगरपालिकास्तरीय योजना कार्यक्रम अन्तर्गत महिला सशक्तिकरण कार्यक्रम मागमा आधारित शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

(ग) बेसीशहर नगरपालिका वडा नं ११ तिलाहारमा जेष्ठ नागरिक सेवा केन्द्र को भवन निर्माणको लागि प्रदेश सरकारबाट रु ८०००००।- (आठ लाख) रकम विनियोजन भएको भनि सोही वमोजिम संझौता भई कार्य सम्पन्न भएको र हाल आएर प्रदेश सरकारबाट रु ७,००,०००।- (सात लाख मात्र) मात्र विनियोजन भएको पाइएको हुँदा बाँकी रकम रु. १०००००।- (एक लाख मात्र) जेष्ठ नागरिक मनोरञ्जन सामाग्री व्यवस्थापन शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं २ : अस्थायी तथा करार सेवाका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

यस नगरपालिका तथा अन्तर्गतका कार्यालयमा विगतदेखि कार्यरत अस्थायी तथा करार सेवाका (अनुसूचीमा संलग्न अनुसारका) कर्मचारीहरुको म्याद हाललाई २०७६ श्रावण १ देखि लागु हुने गरी २०७६ पुस मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : करार सेवाका कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा ।**

नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको आव २०७६।०७७ को पारिश्रमिक सम्बन्धमा छलफल हुँदा देहाय वमोजिम गर्ने निर्णय गरियो ।
देहाय :

(क)नगरपालिकामा कार्यरत कार्यालय सहयोगीहरु (अनुसूचीमा संलग्न) को तलव भत्ता नेपाल सरकारले निर्धारण गरेको शुरु स्केल वमोजिम गर्ने ।

(ख)वडा कार्यालयमा कार्यरत निम्न कार्यालय सहयोगीहरुको तलबभत्ता साविक खाइपाई आएकोमा २० % ले थप गर्ने ।

(ग) वडामा कार्यरत निम्न सहायक कम्प्युटर अपरेटरहरुको तलबभत्ता साविक खाइपाइ आएकोमा २० % ले थप गर्ने ।

(घ) सवारी चालक रामकृष्ण सेढाईलाई थप मासीक भत्ता रकम रु. ५०००।- (पाँच हजार मात्र) २०७६ श्रावणबाट उपलब्ध गराउने । सवारी चालकहरुलाई विहान समेत उपस्थित हुन लगाउने र विहानको खानाको समेत प्रवन्ध गरिदिने ।

(ङ) स्वास्थ्य तर्फका कार्यालय सहयोगीहरुको तलबभत्ताको सम्बन्धमा सशर्त अनुदानबाट थप गर्ने गरी व्यवस्था मिलाउने ।

निर्णय नं ४ : योजनाको म्याद थप गर्ने सम्बन्धमा ।

चालु आव २०७५।०७६ मा सञ्चालन गरिएका योजनाहरुको म्याद थप गर्ने सम्बन्धमा छलफल हुँदा देहायका योजनाहरुको हालसम्म भएका कार्यहरुको मूल्यांकन गरी भुक्तानी दिने र बाँकी कार्यहरुको सम्बन्धमा आगामी आवको कार्यपालिका बैठकको निर्णय वमोजिम हुने निर्णय गरियो ।

| क्र.सं | योजनाको नाम | ठेगाना | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|
| १ | धुरपुरे दुईथोक विम्दा बाखेजगत सडक | बेसीशहर ९ र ५ | ठेक्का संझौताबाट | |
| २ | गाउँशहर सिंढी निर्माण | बेसीशहर ३ | ठेक्का संझौताबाट | |
| ३ | बुद्ध मार्ग सडक कालोपत्रे लागत साझेदारी | बेसीशहर ८ | उपभोक्ता समितिबाट | |
| ४ | लमजुङ दरबार क्षेत्र पानीको फोहोरा निर्माण | बेसीशहर ३ | उपभोक्ता समितिबाट | |
| ५ | बेसीशहर बाँझाखेत हिले कार्कीडाँडा चिती तिलाहार सडक | बेसीशहर १० र ११ | ठेक्का संझौताबाट | |
| ६ | साविक बेसीशहर गाविस भवनमाथि ट्रस निर्माण | बेसीशहर ८ | ठेक्का संझौताबाट | |
| ७ | उदीपुर रिठ्ठेबगर तिलाहार फलेनी सडक | बेसीशहर १ र ११ | उपभोक्ता समितिबाट | सडक बोर्ड |

निर्णय नं ५ : खरीद योजना सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको आगामी आव २०७६।०७७ को बार्षिक खरीद योजना तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ६ : आव २०७६।०७७ को कार्ययोजना सम्बन्धमा ।

आव २०७६।०७७ को कार्ययोजना सम्बन्धमा छलफल हुँदा आगामी आव २०७६।०७७ मा सञ्चालन गरिने शसर्त तथा निशर्त तर्फका कार्यक्रमहरुको कार्य योजना तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ७ : सहजी खेल मैदान विस्तारको लागि जग्गा खरीद सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ७ स्थित शहरी खेल मैदानको लागि आवश्यक जग्गा खरीदका लागि सूचना प्रकाशन गरिएकोमा बेसीशहर नगरपालिका ७ बस्ने इन्द्र बहादुर बस्नेतको श्रीमती सावित्री बस्नेतले नीजको नाउँमा रहेको कि. नं २०७३ क्षेत्रफल ०-३-३-१ को पुरा जग्गा मूल्य रु १५ लाखमा बेच्न तयार रहेको मञ्जुरी पत्र पेश गरेको हुँदा सो जग्गा बेसीशहर नगरपालिका वडा नं ७ को नाउँमा खरीद गर्ने निर्णय गरियो । साथै उक्त जग्गा पास गर्न वडा नं ७ का वडासचिव श्री प्रतिनिधिको रुपमा तोकी पठाउने निर्णय गरियो ।

निर्णय नं ८ : नगरपालिकाको चल अचल सम्पतिको जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको ११ वटा वडाहरुमा रहेको चल अचल सम्पतिको जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गर्नको लागि देहाय वमोजिमको जिम्मेवारी दिने निर्णय गरियो ।

१. श्री शम्भु प्रसाद घिमिरे आलेप अधिकृत, संयोजक

२. श्री लक्ष्मण शर्मा नासु प्रशासन शाखा, सदस्य

३. श्री चित्र बहादुर बोहोरा खरीदार जिन्सी शाखा, सदस्य

**निर्णय नं ९ : वडामा उपलब्ध गराइने रु. ५ लाखको बजेट बाँडफाँड सम्बन्धमा ।**

वडामा उपलब्ध गराइने प्रशासनिक खर्च लगायतको बजेट रु. ५ लाखलाई बाँडफाँड गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं १० : नगरसभामा साँझ विहान खटिने कर्मचारीहरुको सुविधा रकम सम्बन्धमा ।**

नगरपालिकाको पाचौं नगरसभा सम्पन्न गर्ने सिलसिलामा साँझ विहान खटिएर काम गर्ने कर्मचारीहरुलाई विगत वर्ष प्रदान गरिएको सुविधाको आधारमा सेवा सुविधा प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ : गिटी, बालुवाको ठेक्का सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको गिटी बालुवाको उत्खनन् गरी बिक्री गर्ने बोलपत्र आह्वान सम्बन्धी प्रकाशति सूचना अनुसार आय ठेक्का नं ७/०७६/०७७ कर्पुरेश्वर मन्दिर घाट क्षेत्रको ठेक्का प्रक्रिया अघि बढाई गिटी बालुवा संकलन गर्दा कर्पुरेश्वर मन्दिर परिसरलाई क्षति पुग्न जाने देखिएको हुँदा सो ठेक्का रद्ध गर्ने निर्णय गरियो ।

कार्यपालिकाको निर्णय नं. २ अनुसार करारको अवधि थप हुने तथा करार थप नहुने कर्मचारीको विवरण

| क्र.सं. | तह | पद | कर्मचारीको नाम थर | सेवाको | कार्यरत स्थान | करारको अवस्था |
|---|---|---|---|---|---|---|
| 1 | अधिकृतस्तर छैटौ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | अस्थायी | नगरपालिका | करार थप हुने |
| 2 | अधिकृतस्तर छैटौ | ईन्जिनियर | शर्मिला श्रेष्ठ | करार | नगरपालिका | करार थप हुने |
| 3 | अधिकृतस्तर छैटौ | ईन्जिनियर | मिलन कमली | करार | नगरपालिका | करार थप हुने |
| 4 | अधिकृतस्तर छैटौ | सुचना प्र. अधिकृत | मुकेश कुंवर | करार | नगरपालिका | करार थप हुने |
| 5 | सहायक स्तर पाँचौ | कम्प्यूटर अप्रेटर | रेशम घिमिरे | करार | नगरपालिका | करार थप हुने |
| 6 | सहायक स्तर पाँचौ | सव ईन्जिनियर | सुगम पौडेल | करार | नगरपालिका | ***करार थप नहुने*** |
| 7 | सहायक स्तर चौथो | अ.सव ईन्जिनियर | कुलचन्द्र भण्डारी | करार | नगरपालिका | करार थप हुने |
| 8 | सहायक स्तर चौथो | अ.सव ईन्जिनियर | रस्मी घिमिरे | करार | नगरपालिका | करार थप हुने |
| 9 | सहायक स्तर चौथो | स.कम्प्यूटर अप्रेटर | प्रतिमा पन्त | करार | नगरपालिका | करार थप हुने |
| 10 | श्रेणिविहिन | हल्का सवारी चालक | अमर बहादुर बस्नेत | करार | नगरपालिका | करार थप हुने |
| 11 | श्रेणिविहिन | हल्का सवारी चालक | रामकृष्ण सेढाई | करार | नगरपालिका | करार थप हुने |
| 12 | श्रेणिविहिन | हेभि सवारी चालक | राजुमान गुभाजु | करार | नगरपालिका | करार थप हुने |
| 13 | श्रेणिविहिन | अग्नी नियन्त्रक | नारायण थापा | करार | नगरपालिका | करार थप हुने |
| 14 | श्रेणिविहिन | का. सहयोगी | सिताराम पोखेल | करार | नगरपालिका | करार थप हुने |
| 15 | श्रेणिविहिन | का. सहयोगी | राजेश बराल | करार | नगरपालिका | करार थप हुने |
| 16 | श्रेणिविहिन | का. सहयोगी | मनमाया थापा | करार | नगरपालिका | करार थप हुने |
| 17 | श्रेणिविहिन | का. सहयोगी | ननसुवा गुरुङ | करार | नगरपालिका | करार थप हुने |
| 18 | श्रेणिविहिन | का. सहयोगी | रोशनी अर्याल | करार | नगरपालिका | करार थप हुने |
| 19 | श्रेणिविहिन | का. सहयोगी | कृपा श्रेष्ठ | करार | नगरपालिका | करार थप हुने |
| 20 | सहायक स्तर चौथो | स.क.अप्रेटर | रश्मिला केसी | करार | वडा नं. ३ | करार थप हुने |
| 21 | सहायक स्तर चौथो | स.क.अप्रेटर | मिना गुरुङ | करार | वडा नं. ४ | करार थप हुने |
| 22 | सहायक स्तर चौथो | स.क.अप्रेटर | नेत्र बहादुर बोहरा | करार | वडा नं. ५ | करार थप हुने |
| 23 | सहायक स्तर चौथो | स.क.अप्रेटर | खिना रिमाल | करार | वडा नं. ६ | करार थप हुने |
| 24 | सहायक स्तर चौथो | स.क.अप्रेटर | मैता गुरुङ | करार | वडा नं. ८ | करार थप हुने |
| 25 | सहायक स्तर चौथो | स.क.अप्रेटर | सुनिता घिमिरे ढकाल | करार | वडा नं. ९ | करार थप हुने |
| 26 | सहायक स्तर चौथो | खा.पा.स.टे. | महेन्द्र बोहोरा | अस्थायी | नगरपालिका | ***करार थप नहुने*** |
| 30 | सहायकस्तर तेस्रो | का.सहायक | शंकर पाण्डे | करार | वडा नं. ११ | करार थप हुने |
| 31 | श्रेणिविहिन | का.सहयोगी | भुवानी शंकर रेग्मी | करार | वडा नं. ११ | करार थप हुने |

क्रमशः

कार्यपालिकाको निर्णय नं. २ अनुसार करारको अवधि थप हुने तथा करा थप नहुने कर्मचारीको विवरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 32 | श्रेणिविहिन | का. सहयोगी | चोक बहादुर गुरुङ | करार | वडा नं. १ | करार थप हुने |
| 33 | श्रेणिविहिन | का.सहयोगी | कटक बहादुर वोहरा | करार | वडा नं. ३ | करार थप हुने |
| 34 | श्रेणिविहिन | का.सहयोगी | डम्मरजंग गुरुङ | करार | वडा नं. ४ | करार थप हुने |
| 35 | श्रेणिविहिन | का.सहयोगी | विमाया गुरुङ | करार | वडा नं. ५ | करार थप हुने |
| 36 | श्रेणिविहिन | का.सहयोगी | भुपाल सिंह रिमाल | करार | वडा नं. ६ | करार थप हुने |
| 37 | श्रेणिविहिन | का.सहायोगी | प्रेम बहादुर वस्नेत | करार | वडा नं. ७ | करार थप हुने |
| 38 | श्रेणिविहिन | का.सहयोगी | मञ्जु राना | करार | वडा नं. ८ | करार थप हुने |
| 39 | श्रेणिविहिन | का.सहयोगी | रिना गुरुङ | करार | वडा नं. ११ | करार थप हुने |
| 40 | श्रेणिविहिन | डोजर चालक | सोम बहादुर वि.क. | करार | नगरपालिका | ***करार थप नहुने*** |
| 41 | सहायकस्तर चौथो | नगर प्र.स.निरिक्षक | यम बहादुर अधिकारी | करार | नगरपालिका | करार थप हुने |
| 42 | सहायकस्तर तेस्रो | नगर प्रहरि हवल्दार | राजु सेढाई | करार | नगरपालिका | करार थप हुने |
| 43 | सहायकस्तर दोस्रो | नगर प्रहरी जवान | नेत्र बहादुर अधिकारी | करार | नगरपालिका | करार थप हुने |
| 44 | सहायकस्तर दोस्रो | नगर प्रहरी जवान | सुनिता वि.क. | करार | नगरपालिका | करार थप हुने |
| 45 | सहायकस्तर दोस्रो | नगर प्रहरी जवान | ईश्वर अधिकारी | करार | नगरपालिका | करार थप हुने |
| 46 | सहायकस्तर दोस्रो | नगर प्रहरी जवान | गोमा अर्याल | करार | नगरपालिका | करार थप हुने |
| 47 | सहायकस्तर दोस्रो | नगर प्रहरी जवान | अंकिला के.सी. | करार | नगरपालिका | करार थप हुने |
| 48 | सहायकस्तर दोस्रो | नगर प्रहरी जवान | पुनम गुरुङ | करार | नगरपालिका | करार थप हुने |
| 49 | सहायकस्तर दोस्रो | नगर प्रहरी जवान | नारायण वि.क. | करार | नगरपालिका | करार थप हुने |

नोट : कृषि सेवा, पशु सेवा, स्वास्थ्य सेवा तथा गरिवसंग विश्वेश्वर कार्यक्रम तर्फका करार कर्मचारीको म्याद ससर्त कार्यक्रमको बजेट र कार्यक्रम हेरी आगामी कार्यपालिका बैठकबाट निर्णय गर्ने ।

कार्यपालिकाको निर्णय नं. ३'क'अनुसारको कर्मचारीको विवरण

| क्र.सं. | तह | पद | कर्मचारीको नाम थर | सेवाको किसिम | कार्यरत स्थान |
|---|---|---|---|---|---|
| 1 | श्रेणिविहिन | का. सहयोगी | सिताराम पोखेल | करार | नगरपालिका |
| 2 | श्रेणिविहिन | का. सहयोगी | राजेश बराल | करार | नगरपालिका |
| 3 | श्रेणिविहिन | का. सहयोगी | मनमाया थापा | करार | नगरपालिका |
| 4 | श्रेणिविहिन | का. सहयोगी | ननसुवा गुरुङ | करार | नगरपालिका |
| 5 | श्रेणिविहिन | का. सहयोगी | रोशनी अर्याल | करार | नगरपालिका |
| 6 | श्रेणिविहिन | का. सहयोगी | कृपा श्रेष्ठ | करार | नगरपालिका |